# गोकुलगंगा गाउँपालिकाको गाउँसभामा
# उपाध्यक्ष श्री उषा देवी कार्कीज्यूद्धारा प्रस्तुत

# आर्थिक वर्ष २०८१/०८२ को वजेट बक्तब्य

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु, रामेछाप

२०८१ साल असार १० गते सोमवार

## गोकुलगंगा गाउँपालिकाको आ.व. २०८०/०८१ को
## उपाध्यक्षबाट प्रस्तुत प्रस्तावित कार्यक्रम तथा बजेटः

**आदरणीय गाउँ सभा अध्यक्ष्यज्यू**
**सभा सदस्यज्यूहरु**
**गाउँसभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**यस गोकुलगंगा गाउँपालिकाको कार्यालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,**
**सञ्चारकर्मी मित्रहरु एवम्**
**गोकुलगंगाबासी सम्पूर्ण आमा बुवा, दाजु भाई तथा दिदी बहिनीहरु:**

१. गोकुलगंगा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा सर्वप्रथम राष्ट्रियता, समाबेशी लोकतन्त्र, गणतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पक्षमा बलिदान दिने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै ऐतीहासिक आन्दोलनका बेपत्ता, घाइते तथा सम्मानित नेतृत्वहरु प्रति सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संबिधान २०७२ मा उल्लेखित राज्यको निर्देशक सिद्वान्त, मौलिक हक, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम , संघीय ऐन, कानुन र कार्यविधिहरु बाट निर्देशित हुँदै गाउँबासीको आकांक्षा सम्बोधन गर्न गाउँसभा बाट पारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट प्रस्तुत गरेको छु ।

४. जनप्रतिनिधि, गाउँपालिका बिषयगत समिति, राजनीतिक दलका नेतृत्वकर्ता, निजि क्षेत्र, सामुदायिक संस्थाहरु, नागरिक समाज तथा बुद्दिजीवी, युवा तथा किसानहरु लगायतका क्षेत्रको सल्लाह सुझाव र परामर्शहरुलाई समेटेर आ.व. २०८१।०८२ को बजेट तर्जुमा गरिएको छ ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

अब म **"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार हाम्रो गाउँपालिका निर्माणको आधार"** भन्ने गोकुलगंगा गाउँपालिकाको दीर्घकालिन सोंचलाई मुर्तरुप दिन आर्थिक वर्ष २०८१।०८२ को बजेट निर्माण गर्दा लिइएका प्राथमिकताका क्षेत्र एवम् आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**प्राथमिकता क्षेत्रहरुः**

- कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड ।
- पूर्वाधार विकास

- ❖ शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- ❖ गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- ❖ सूचना प्रविधि तथा सञ्चारमा विकास
- ❖ सुशासन प्रर्वद्धन र सार्वजनिक सेवाको गुणस्तर
- ❖ उद्यम र सहकारीताको विकास
- ❖ विपद ब्यवस्थापन पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुनःनिर्माण
- ❖ विपद् जोखिम उत्थानसिल बिकास र संभाबित विपत्तिपुर्ण अबस्थामा पनि अत्यावश्क सेवा सुविधामा पहुचको सुनिश्चितता
- ❖ ऐतिहासिक तथा साँस्कृतीक र धार्मिक पर्यटन प्रवद्र्धनको क्षेत्रमा विशेष जोड
- ❖ मानव संसाधन र सामाजिक विकास
- ❖ जलवायु उत्थानशिल कृषि तथा भूमि नमूनाको प्रयोग
- ❖ सवैको लागि स्वच्छ खानेपानीको उपलब्धता
- ❖ सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- ❖ लैंगीक हिंसा विरुद्धका कार्यक्रममा जोड

**प्राथमिकताका आधारहरु**

- ❖ आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- ❖ कृषि, पशुपालन, लघु उद्यम मार्फत स्वरोजगार सृजना गर्ने ।
- ❖ उत्पादनमूलक र छिटो प्रतिफल दिने ।
- ❖ राजस्व परिचालनमा योगदान पुऱ्याउने ।
- ❖ सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।
- ❖ स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने ।
- ❖ कोहि पनि पछाडी नछुटुन भन्ने अभिप्रायका साथ बन्चितीकरणमा परेका सिमान्तिकृत समुदायलाई बिकासको मूल प्रबाहमा ल्याउने ।
- ❖ स्थान विशेषको संस्कृति र पहिचान प्रवद्र्धन गर्ने ।

**आदरणीय गाउँ सभाअध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**संघीय सरकारबाट प्राप्त हुने अनुदानः**

- समानिकरण अनुदान रु. ११ करोड ७६ लाख
- राजश्व बाँडफाँड रु. ९ करोड २३ लाख
- समपुरक अनुदान रु. ६० लाख
- शसर्त अनुदान रु. १९ करोड १३ लाख १७ हजार

**बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः**

- समानिकरण अनुदान रु १ करोड २० लाख ७४ हजार
- सवारी कर घर जग्गा रजिष्ट्रेशन मनोरञ्जन कर रु ३ करोड २७ लाख ८१ हजार १ सय ५० रुपैया
- समपूरक अनुदान रु २ करोड
- प्रदेश सशर्त अनुदान रु १ करोड ५२ लाख ४८ हजार
- विशेष अनुदान रु ५० लाख समेतबाट कुल रु ५ करोड २३ लाख २२ हजार आय अनुमान गरिएको छ ।

**आन्तरिक श्रोत तर्फः**

आगामी वर्ष विभिन्न कर शुल्क दस्तुर एवम् दहत्तर बहत्तर समेत आन्तरिक श्रोतबाट रु १ करोड १० लाख आय अनुमान गरिएको छ ।उपरोक्त अनुसार आगामी आर्थिक वर्ष २०८१/०८२ मा कुल आय अनुमान रु ५० करोड ३३ लाख २० हजार १ सय ५० रुपैया हुने देखिन्छ ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक वर्ष ०८१/०८२ को अनुमानित ब्यायको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

१) वडागत सिलिङ्ग रु. ४ करोड ५० लाख
२) प्रशासनिक चालु तर्फ रु. ११ करोड ७३ लाख
३) शसर्त रु. २० करोड ६५ लाख ६५ हजार
४) समपुरक तर्फ रु. ५ करोड २० लाख
५) विशेष अनुदान तर्फ रु. ५० लाख
६) पालिका तर्फ विभिन्न शाखागत, क्षेत्रगत र भुक्तानी हुन बाँकी योजनाको खर्च समेत रु. ७ करोड ७४ लाख ५५ हजार १ सय ५० विनियोजना गरेकोछु ।

**सभाध्यक्ष महोदय,**

गोकुलगंगा गाउँपालिकाको चौतर्फी विकास हाम्रो चाहाना अभियानलाई पूरा गर्नको लागि यो वजेट सार्थक सिद्ध हुने विश्वास लिएको छु । संघ तथा प्रदेशबाट प्राप्त गर्ने वित्तीय सम्मानीकरण, सशर्त, राजश्व वाँडफाँडको रकम समयमा प्राप्त हुन्छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत गरिएको बजेट कार्यान्वयनबाट गोकुलगंगा गाउँपालिका वासिको समृद्धी, अधिकारको सुनिश्चतता, सार्वजनिक सेवाको प्रभावकारीता र गुणस्तर वृद्धि हुने विश्वास लिएको छु । आगामी आर्थिक वर्ष गोकुलगंगा गाउँपालिकाको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, सामाजिक सेवा, सुशासनको क्षेत्रमा महशुस हुने गरी परिवर्तन हुने अपेक्षा राखेको छु । यो बजेट गाउँपालिकामा कर्मचारी आवश्यकता अनुसार आपूर्ति, कार्ययोजना निर्माण गरी कार्य सम्पादन, सवै सरोकारवालाहरुको सयोग भएमा १०० प्रतिशत कार्यन्वयन हुनेमा पूर्ण विश्वस्त छु ।

अन्तमा वजेट तर्जुमा गर्दा मार्ग निर्देश गर्ने गाउँपालिकाका सदस्यहरु, कार्यपालिका, बौद्धिक वर्ग, कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । **धन्यवाद ।**

**जय नेपाल, जय गोकुलगंगा**

**उषादेवी कार्की**
**उपाध्यक्ष**
गोकुलगंगा गाउँपालिका
रस्नालु रामेछाप